## पूर्वाधार विकास सम्बन्धी ऐन, २०७६

**प्रस्तावना**

अरुण गाँउपालिका क्षेत्र भित्र पूर्वाधार संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानिय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानुनी व्यवस्थापन गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा ५७ र धारा २२६ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम अरुण गाउँ सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम प्रारम्भ** :

(१) यो ऐन को नाम "पूर्वाधार विकास सम्बन्धी ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित हुना साथ तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्नेछ ।

(ग) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्नेछ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्नेछ ।

(ङ) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झनु पर्छ ।

(च) "पूर्वाधार" भन्नाले यस ऐनमा अनुसुची १ मा उल्लेख भए बमोजिमको विषयसँग सम्बन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ ।

(छ) "जलश्रोत" भन्नाले गाउँपालिका क्षेत्र भित्रको भू-सतहमा वा भुमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) "अमानत" भन्नाले ठेक्कामा नलगाई संघिय सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (१) को देहाय ख(६) बमोजिम आफैले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ ।

### परिच्छेद २
### स्थानीय सडक तथा यातायात व्यवस्थापन

**३. स्थानीय सडकहरुको वर्गिकरण** :

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सडक विस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यक्ता अनुसार सडकहरुको वर्गिकरण र वृहत्तर सडक सञ्जाल गुरुयोजना तयार गर्नेछ ।

(२) गाउँपालिका स्तरमा मुख्यत: निम्नानुसारको सडकहरु रहनेछन् :



गजेन्द्र बहादुर कार्की
गा.पा. अध्यक्ष

(क) पालिका सडक : गाउँपालिकाको केन्द्र- वडा कार्यालय र महत्वपुर्ण स्थानमा रहेको सडक पालिका सडकको रुपमा वर्गिकरण गरिनेछ । यस्ता सडकको क्षेत्राधिकार १३ मिटर कायमगरी चौडाई न्युनतम छ मिटर हुनु पर्नेछ ।

(ख) वस्ती सडक :गाउँपालिकाका वस्तिहरुमा यातायातको पहुँचका लागि बनाइएका सडकहरुलाई ग्रामिण सडकको रुपमा वर्गिकरण गरिनेछ । यस्ता सडकहरु चार देखि पाँच मिटर चौडा हुनेछन् ।

(ग) कृषि सडक : गाउँपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र बजारलाई जोड्ने सडकहरु यस अर्न्तगत पर्दछन् । यसको न्युनतम चौडाई ४ मिटर हुन पर्दछ ।

(घ) घोरेटो मुल बाटो : मानिस र पशु चौपाया मात्र हिड्ने १ भन्दा बढी गाउँ वस्ती जोड्ने बाटोलाई घोडेटो मुल बाटोको रुपमा वर्गिकरण गरिने छ । यसको न्युनतम चौडाई २ मिटरको हुने छ ।

(ङ) गोरेटो बाटो : मानिस र चौपाया हिड्ने वस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडकसम्म जोडिने अधिकतम १ कि.मी. लम्बाईका सडकहरुलाई गोरटो बाटो भनिन्छ । यसको चौडाई एक मीटरको हुनेछ ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ति तथा मोडहरुमा ठुला सवारी आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत बढी हुने गरी निर्माण गर्नु पर्दछ ।

**४. मापदण्ड निर्धारण गर्ने :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्ने छ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकि त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

**५. स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने :**

(१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काइने अधिकार गाउँपालिकालाई हुनेछ ।

(२) कसैले कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउदा पुन : निर्माण गर्न लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र गाउँपालिकाले स्वीकृती प्रदान गर्न सक्नेछ । त्यस्तो सडकको पुन : निर्माण सम्वन्धित सरोकारवालाले गर्नु पर्ने छ ।

(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा तोकिए बमोजिमको क्षेत्राधिकार कायम गरी सम्बन्धित जग्गा धनीसंगको आपसी साझेदारीमा सडक वा पूर्वाधार बनाउनु पर्नेछ ।

**६. सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने**

(१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ ।

गजेन्द्र बहादुर कार्की
गा.पा. अध्यक्ष

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएका वा धनी पत्ता नलागेको मालसामान वस्तुलाई गाउँपालिकाले सडकको छेउ लगाई राख्न वा आफ्ना कब्जामा राख्ने गरी अन्यन्त्र लैजान समेत सक्नेछ ।

## परिच्छेद ३
## जलस्रोतहरुको संरक्षण र उपयोग

**७. जलस्रोतको उपयोग** :

(१) गाउँपालिका भित्र रहेका भूमिगत वा सतही जलस्रोतको अनधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) जलस्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइने छ :-

(क) पिउने पानी

(ख) सिंचाई

(ग) पानी घट्ट, औधोगिक वा निर्माण प्रयोजन

(घ) जलविद्युत

(ङ) जल पर्यटन (जलक्रिडा लगायत)

(३) गाउँपालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा श्रोतको समूचित उपयोग गर्ने अधिकार गाउँपालिकालाई हुनेछ । मुहान सम्वन्धी विवादको निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

**८. अनुमति लिनु पर्ने** :

(१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयौजनको लागि बाहेक निम्नानुसार जलस्रोतको उपयोग गर्ने छैन :

(क) सार्वजनिक वा समुहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामुहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा (पौडी, ऱ्याफ्टिङ, क्यानोइङ, डुंगा विहार) जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसयिक रुपमा माईक्रो हाइड्रो, पानी घट्ट सञ्चालन गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) जलश्रोतको सामुहिक लाभ, व्यवसायिक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्दछ ।

(३) सो सम्बनधी प्रयोजनका लागि आवश्यक परेमा सामुदायिक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र व्यवसायिक उपयोगका लागि दर्तावाला समुह वा कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि नेपाल सरकारको जलस्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन ।

गजेन्द्र बहादुर कार्की
गा.पा. अध्यक्ष

९. खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायिक लाभ व्यवस्थापन :

(१) गाउँपालिका क्षेत्रभित्र खानेपानी, सिंचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलश्रोत उपभोग गर्न परेमा सम्बन्धित क्षेत्रको उपभोक्ताहरु मिलि जल उपभोक्ता संस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण सञ्चालन गर्नु पर्नेछ ।

(२) यस ऐन तर्जुमा हुनअघि नै संस्थागत रुपमा कुनै समुह वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो ऐन तर्जुमा भएको ६ महिना भित्र गाउँपालिकामा दर्ता गराउनु पर्नेछ ।

१०. जल उपभोक्ता संस्थाको गठन :

(१) दफा ११ बमोजिमको लागि गठन हुने उपभोक्ता संस्थामा ७ देखि ११ जना सदस्यहरु रहन सक्नेछन् । उपभोक्ता संस्थामा ३३ दप्रतिशत महिला प्रतिनिधित्व हुनु पर्नेछ ।

(२) यसरी गठन गर्न चाहने समुहले देहायको विवरणहरु सहित गाउँपालिकाको जल स्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनु पर्नेछ ।

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणिय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेको लागि सिफारिस गर्न तोकिय बमोजिमको समिति गठन गरिनेछ ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकारवाला संस्था हुने छ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्ष हुनेछ । अर्को पटकको लागि ३ वर्ष म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नु पर्ने छ ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र बिधि विधानमा तोकिए बमोजिम हुने छ । यस संस्थाले वार्षिक लेखा परिक्षण र तिर्नु पर्ने कर फस्यौंट गर्नु पर्ने छ । गाउँपालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके बमोजिमको जलस्रोत उपयोग कर तिर्नु पर्नेछ ।

(६) यसरी तोकिए बमोजिम विधि प्रक्रिया अवलम्वन नगर्ने उपभोक्ता संस्थाको दर्ता गाउँपालिकाले रद्द गर्न सक्नेछ ।

११. जलश्रोतको व्यवसायिक उपयोगको लागि अनुमति लिनु पर्ने :

(१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेघावाट सम्मको जलविद्युत आयोजना लगायतका जलस्रोतको व्यवसायिक उपयोगका लागि सो को उपयोग गर्ने प्रोपाइटर, कम्पनी वा संस्थाले गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्नु परेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनु पर्दछ ।

(क) परियोजनाको विवरण

(ख) परियोजना रहने संस्थानको नक्शा (मुख्य मुख्य संरचना समेत देखिने)

(ग) पानीको स्रोत र उपयोग हुने पानीका परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम,

(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

(च) परियोजना सञ्चालनमा पर्ने वातावरणिय जोखिमहरु (वातावरणिय प्रभाव अध्ययन प्रतिवेदन)

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा गाउँपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिनभित्र जलस्रोतको परिमाण,



गजेन्द्र बहादुर कार्की
गा.पा. अध्यक्ष

उपयोग अनुमतिको अवधि र वातावरणिय जोखिम न्युनीकरणका शर्तहरु तोकि आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्ने छ ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाइटर वा सस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनु पर्नेछ ।

(५) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानुज बमोजिम दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ ।

## परिच्छेद ४
## स्थानीय खानेपानी तथा सिंचाई व्यवस्थापन सम्बन्धी व्यवस्था

**१२. स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने** :

(१) गाउँपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ ।

(२) नेपाल सरकार, सार्वजनिक सस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा बढि खानेपानी आयोजनहरु मार्फत ५०० भन्दा बढि धाराहरुबाट खोनपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।

(३) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता सस्थाहरुले यस्तो बोर्ड गठनको लागि गाउँपालिका समक्ष आवेदन पेश गर्नु पर्ने छ । यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नु पर्दछ :-

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नका लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालिन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र सस्थामार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(छ) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणाली सँग आबद्ध सम्पत्ति तथा दायित्व ।

(ज) सञ्चालन तथा व्यवस्थापन प्रस्तावित मोडेल ।

(४) उपदफा (३) बमोजिम परेका निबेदन उपर जाचबुझ गर्न त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित सस्था हुनेछ । बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मत सम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफै गर्न सक्नेछ ।

गजेन्द्र बहादुर कार्की
गा.पा. अध्यक्ष

**१३. खानेपानी तथा सिंचाई शुल्क निर्धारण :**

(१) खानेपानीको महशुल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसुल निर्धारण समिति ठगन गर्नेछ :-

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) स्थानीय जल उपभोक्ता संस्थाहरु मध्येबाट एक जना प्रतिनिधि -सदस्य

(ग) सम्वन्धीत शाखा प्रमुख -सदस्य सचिव

## परिच्छेद ५
## भवन निर्माण तथा शहरीविकास सम्बन्धी कार्यहरु

**१४. स्वीकृती नलिई निर्माण तथा विकास गर्न नहुने :**

(१) गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृती नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुन: निर्माण गर्ने, तला थप गर्ने, माहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्बन्धित गर्नु गराउनु हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र नर्म्स तयार गर्नेछ ।

**१५. भवनको दर्ता :**

(१) गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनछ ।

**१६. भवनको डिजाइन तथा नक्शा स्वीकृति सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिका क्षेत्रभित्र पक्कि भवन आरसिसि स्ट्रक्चर निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानुन र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतीको लागि गाउँपालिका समक्ष दरखास्त दिँदा नक्शा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ

(२) आवासिय भवनको हकमा २५० वर्ग मिटर सम्मको भवन बनाउँदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ । सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोठ्नु पर्दछ ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट न्युनतम ५ फिट सेट ब्याक छोड्नु पर्दछ ।

**१७. वस्ति विकासको लागि अनुमति दिने:**

गाउँपालिका भित्र कुनै व्यक्ति समुदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी विक्रि गर्ने प्रयोजनबाट वस्ति विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिकाको कार्यालयमा वस्ति विकासको कार्ययोजना सहित अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

नगेन्द्र बहादुर कार्की
गा.पा. अध्यक्ष

## परिच्छेद ६
## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**१८. पूर्वाधार आयोजना तर्जुमा :**

(१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरि गाउँ सभाबाट पारित गर्नु पर्नेछ ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिम उल्लेख गरी आयोजनाका विवरण तयार गर्नु पर्नेछ ।

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम

(ग) आयोजना सम्पन्न गर्दा लाग्ने खर्च र श्रोत,

(घ) उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप

**१९. लागत अनुमान तयार गर्नु पर्ने :**

(१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट विियोजन गर्नु पुर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ ।

**२०. उपभोक्ता समिति मार्फत गर्न सकिने :**

(१) तीस लाख लागत सम्मको निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्बन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ ।

(२) उपभोक्ता समितिको गठन स्थानीय लाभान्वित समुदायहरु मध्येबाट ७ दखि ११ जना सम्मको समिति गठन गरिनेछ । यस्तो समितिमा न्युनतम ३३ प्रतिशत महिला हुनुपर्नेछ ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाने समयको दोब्बर हुने छ । निर्माण सकिएपछि पनि निर्माण अवधि बराबरकै बाँकि समय रेखदेख र सम्भारको जिम्मेवारी समेत सोही समितिले लिने छ ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले निम्न बमोजिमको सहभागीतमा आयोजनाको कार्य सम्पन्न गर्नु पर्ने छ ।

(क) हेम्भी मेसिनहरु (ब्रेकर) प्रयोग गर्ने आयोजनाको हकमा न्युनतम १० प्रतिशत नगद तथा श्रमदान गर्नु पर्नेछ ।

(ख) हेम्भी डोजर लगायतका मेसिन प्रयोग गर्ने आयोजनाको हकमा न्युनतम १२ प्रतिशत नगद तथा श्रमदान गर्नु पर्नेछ ।

(ग) मानविय श्रममात्र प्रयोग गर्ने आयोजनाको हकमा न्युनतम २० प्रतिशत नगद तथा श्रमदान गर्नु पर्नेछ ।

(घ) कार्यपालिकाको निर्णय बमोजिम विकट भौगोलिक स्थान, अतिविपन्न वस्ती भनि तोकिएको स्थानमा निर्माण हुने र आर्थिक सामाजिकरुपले पिछाडि परेको बर्ग भनि तोकिएका ब्यक्तीहरुबाट सञ्चालन तथा निर्माण गरीने आयोजनाहरुको हकमा न्युनतम १० प्रतिशत नगद तथा श्रमदान गर्नु पर्नेछ ।

(ङ) सिचाई तथा जल उपभोक्ता समिति लगायत अन्य दातृ संस्थाहरुबाट संचालीत आयोजनाको हकमा संम्झौताका शर्तमा तोकिए बमोजिम लागत सहभागीता जुटाउनु पर्ने छ ।



गजेन्द्र बहादुर कार्की
गा.पा. अध्यक्ष

(५) यस कार्यविधि बमोजिमको नगद सहभागिताको रकम सम्बन्धित उपभोक्ता समितिबाट गाउपालिकाको खातामा जम्मा भएपछि मात्र अधिकतम ३३% सम्म गाउँपालिकाले पहिलो किस्ता निकाशा गर्ने छ ।

**२१. पूर्वाधार मर्मत संभार कोष** :

(१) गाउँपालिका भित्र रहेका गाउँ स्तरिय वा केन्द्र/प्रदेश स्तरिय पूर्वाधारहरुको नियमित तथा आवश्यक्ता अनुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधारहरुको नियमित तथा आवश्यक्तानुसारको मर्मत गरी सेवा सचारु गर्न पूर्वाधार मर्मत कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा गाउँसभाले विनियोजन गरेको रकम र पूर्वाधार संरचना सडक खानेपानी, विद्युत इत्यादीबाट प्राप्त रोयल्टि रकम ५० प्रतिशतले हुनआउने रकम दाखिला गरिनेछ ।

## परिच्छेद ७
## पूर्वाधार अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था

**२२. प्राविधिक मु:यांकन गर्नु पर्ने** :

(१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचकोलागि आवश्यकता बमोजिम प्रयोगशालानको व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद ८
## सार्वनजिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निमौण तथा सञ्चालन

**२३. निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने** :

(१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, सस्था वा कम्पनी सँग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाई सँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चाल तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझेदारी गर्न सक्नेछ ।

(२) उपदफ (१) को प्रयोजनको लागि गाउँपालिकाले पूर्वाधारका अवस्था, आवश्यक्ता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्वन गरी निजी साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाड गर्ने गरी निश्चित अवधीको लागि सम्झौता गर्न सक्नेछ ।

(क) सञ्चालन तथा वयवस्थापन : अधिकतम ५ वर्षको लागि

(ख) निर्माण सञ्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षको लागि

(ग) लिज वा कन्शेसन : सम्झौतामा तोकिए बमोजिममा अधिकतम २० वर्ष

**२४. प्रस्ताव आव्हान गर्न सक्ने** :

(१) गाउँपालिकाले अनुसूची १ बमोजिम पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनको लागि मनशाय पत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, सस्था वा निजी व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोली प्रस्ताव पेश गर्नु पर्दछ ।

(क) निर्माण गर्नुपर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) वित्तिय स्रोत

(घ) वातावरणिय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(ङ) कार्यान्वयनको विवरण



नगेन्द्र बहादुर कार्की
गा.पा. अध्यक्ष

(च) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्युन गर्ने प्रस्तावित उपायहरु
(छ) परियोजनाको नक्शा तथा ड्इङ्ग डिजाइन
(ज) प्रस्तावित शुल्क र करार अवधी

**२५. प्रस्ताव छनौट र सम्झौता** :

(१) प्राप्त भएका प्रस्ताप उपर गाउँपालिकाले विज्ञ टोलीद्धारा तपशिलका आधारहरुमा मुल्यांकनका गराई प्रस्ताव छनौट गर्न सक्नेछ ।
(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर
(ख) प्रस्तावित निजी लगानी
(ग) सेवा शुल्क र रोयल्टि रकम
(घ) लिज अवधि
(ङ) प्रविधिको नौलोपन स्थानीय रोजगारीको अवसर वृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसँग गाउँपालिकाले अवधी किटान गरी सम्झौता गर्न सक्नेछ ।

**२६. सञ्चालन तथा व्यावस्थापन**:

(१) सम्झैता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यावस्थापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ । सम्झैतामा हेरफेर गर्नुपरेमा निजि साझेदार वा गाउँपालिका तर्फबाट एकअर्काकोलाई प्रस्ताव गर्नुपर्ने आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्नेछ ।

## परिच्छेद ९

## वातावरण, भुसंरक्षण तथा वैकल्कपिक उर्जा

**२७. वातवरणीय प्रभाव मुल्याकन सम्बन्धी व्यावस्था** :

(१) गाउँपालिकाले ५ कडोर भन्दा माथिको लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परिक्षण र २५ करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरण प्रभाव मुल्यांकन गराउनु पर्ने छ ।
(२) आयोनाको वातवरणीय परिक्षण र स्विकृति गाउँपालिकाले स्वयम्ले गर्न सक्नेछ ।
(३) वातवरणीय परिक्षण प्रतिवेदन स्विकृतिको लागि सो को प्रतिलिपी गाउँपालिकाको सार्वजानिक सुचना पाटिमा टाँस गरी ७ दिनको म्याद सहित सुझाब माग गर्नु पर्नेछ ।

**२८. पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रहोत्सान गर्नु पर्ने**

(१) कुनै घरमा सोलार, वायोग्यास, सुधारीएको चुल्हो लगाएतका वैकल्पिक उर्जा जडान गर्नुअघि वडा कार्यलय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्ने छ । यसरी जानकारी नगराएमा सरकारवाट पाउने अनुदान वा सहयोग दिईने छैन ।
(२) घरेलु सौचालयलाई वायोग्याँस उत्पादमा प्रयोग गर्ने वा सेप्टिक टैंक वनाउने घरधुरीलाई गाउँपालिकाले सम्पत्ति कर वा मालपोत १० प्रतिसत सम्म छुट दिन सक्ने छ ।

**२९. भु-क्षय नियन्त्रण सम्बन्धि कार्य गर्न सक्ने**:

(१) गाउँपालिका भित्रको भूक्षय ग्रस्त सार्वजानिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा वाँस तथा फलफुलजन्य वनस्पतिको रोपण गर्न स्थानिय समूदायलाई अनुमति दिन सक्नेछ ।
(२) यस्तो कार्यका लागि सम्वन्धित ब्यक्ति वा समूहले स्थान तोकि वृक्षारोपणका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्ने छ ।
(३) वृक्षरोपणका लागि प्रस्तावित क्षेत्रका ब्याक्तिले चर्चेको जमिन वा अन्य सार्वजानिक आवागमनमा वाधा पुऱ्याउने खालको हुनु हुदैन ।
(४) प्रस्तावित स्थाल उपयुक्त देखेमा गाउँपालिकाले अधिकतम ७ वर्षको लागि वृक्षरोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्ने छ ।
(५) उपरोक्त बमोजिम अनुमति दिदा सम्बन्धीत संधियारलाई प्राथामिकता दिनुपर्नेछ ।



जङ्गेन्द्र बहादुर कार्की
गा.पा. अध्यक्ष

**३०. फोहोरमैला तथा फोहोरपानी व्यावस्थापन :**

(१) गाउँपालिका भित्र उत्सर्जन हुने ठोस तरल फोहोरलाई यथोचित व्यावस्थापनको लागि व्यावस्थीत कार्य योजना तर्जूमा बनाउनु पर्छ ।

(२) गाउँपालिका भित्र फोहोरमैला व्यावस्थापनको लागि ल्यण्डफिल्ड साईट निर्माण गर्न अन्य गाउँपालिकासँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद १०
## विविध

**३१. अन्तर स्थानिय समन्व:** एक भन्दा वढी गाउँपालिका वा नगरपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्य गर्दा जोडिने वा सरोकार राख्ने गाउँलिका वा नगरपालिकाबाट अनुमोदन गराई गर्नु पर्ने छ ।

**३२. प्रचलित कानुन बमोजिम हुने:** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३३. नियम वनाउन सक्ने :** यस ऐनको उदेश्य कार्यन्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**३४.बचाऊ :** यस ऐनको उदेश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्य यसै ऐन बमोजिम भएको मानिन्छ ।

[illegible] बहादुर कार्की
गा.पा. अध्यक्ष

## अनुसुचि -१

### दफा २ को (च) सँग सम्वन्धीत

(क) स्थानिय सडक, ग्रामिण सडक, कृषि सडक, सिंचाई, खाने पानी ।

(ख) स्थानिय सडक, ग्रामिण सडक, कृषि सडक संग सम्बन्धित झोलुङ्गे पुल, पुल पुलेसा सम्वन्धी स्थानिय तहको गुरुयोजना तर्जुमा, निर्माण स्तरोन्नति आयोजाना पहिचान, अध्यान, कार्यन्वयन, मर्मत सम्भार र नियमन ।

(ग) स्थानिय स्तरमा यातायात सुरक्षा व्यावस्थापन कोलागी सार्वजनिक निर्माण ।

(च) स्थानिय खानेपानि सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यन्वयान र नियमन

(ज) साना जलविधुत आयोजना सम्बन्धी सार्वजनिक निर्माण ।

(झ) स्थानिय खानेपानि, साना जलविधुत आयोजना,वैकल्पीक उर्जा सम्वन्धी योजना, कार्यान्वयन र सार्वजनिक निर्माण ।

(ञ) स्थानिय विधुत वितरण प्रणालि र सेवाको व्यावस्थापन सञ्चालन र नियमन

(ट) स्थानिय साना सतह तथा भुमिगत सिंचाई प्रणलिको सञ्चालन र मर्मत सम्भार सेवा सुल्क निर्धारण र संकलन व्याबस्थापन

(ठ) स्थानिय तटवन्ध नदि पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

(ड) स्थानिय स्तरमा वैकल्पीक उर्जा सम्वन्धी निति कानुन मापदण्ड योजना बमोजिम सार्वजनिक नर्माण ।

(ढ) स्थानिय स्तरमा वैकल्पीक उर्जा सम्वन्धी प्रविधि विकास र हस्तान्तरण क्षमता अभिवृद्धि तथा प्रर्वदन